# राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२

**नेपाल सरकार**

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**सिंहदरबार, काठमाडौं**

# विषयसूची

परिच्छेदः एक

परिचय

| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | समस्या, चुनौती र नीतिको आवश्यकता | २ |
| | २.१ समस्या | २ |
| | २.२ चुनौती | ३ |
| | २.३ नीतिको आवश्यकता | ३ |

परिच्छेदः दुई

नीति संरचना

| | | |
|---|---|---|
| ३. | दूरदृष्टि | ४ |
| ४. | ध्येय | ४ |
| ६. | उद्देश्य | ४ |
| ७. | नीति | ५ |
| ८. | रणनीति | ५ |
| ९. | कार्यनीति | ७ |

परिच्छेदः तीन

नीति कार्यान्वयन

| | | |
|---|---|---|
| १०. | संस्थागत व्यवस्था | १८ |
| ११. | कानूनी व्यवस्था | १८ |

१२. वित्तीय व्यवस्था १८

१३. नीति समन्वय र सामाञ्जस्यता १८

१५. अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन १९

१६. नीति कार्यान्वयन कार्ययोजना २०

१७. खारेजी र बचाउ २०

अनुसूची -१ २१

राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ कार्यन्वयन कार्ययोजना २१

## परिच्छेदः एक
## परिचय

### १. पृष्ठभूमि

विश्वव्यापीकरणले गर्दा विश्व बजारमा रोजगारीका अवसरहरू परिवर्तन हुँदै र फैलँदै गएका छन्। रोजगारीको खोजीका लागि मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा जाने क्रम बढेको छ भने आकर्षक र मर्यादित रोजगारीको खोजीमा विदेश जाने प्रवृत्ति बढिरहेको छ। श्रमिकको माग बढ्न थालेपछि श्रमिकको अभाव पूर्ति गर्न अन्य देशहरूबाट श्रमिक माग गर्ने क्रममा नेपालीले पनि अवसरको रूपमा उपयोग गर्दै आएका छन्।

नेपालको संविधानको धारा ५१(झ)(५) मा "वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने" र सोही धाराको खण्ड (झ)(६)मा "वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने" उल्लेख छ। साथै, नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले श्रम तथा रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन गर्ने जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई दिएको छ।

दिगो विकास लक्ष्य, आप्रवासनका लागि विश्वव्यापी सम्झौता अर्थात् ग्लोबल कम्प्याक्ट फर माइग्रेसन साथै बाध्यकारी श्रमसम्बन्धी महासन्धि, १९३०; रोजगारी तथा पेसामा हुने विभेदविरुद्धको महासन्धि, १९५८ लगायतका श्रम र आप्रवासन सम्बन्धमा नेपाल पक्ष भएका सन्धि, सम्झौता र द्विपक्षीय, बहुपक्षीय प्रतिबद्धताले नीतिगत आधार तयार गरेको छ।

नेपाल सरकारले संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देशका लागि श्रम आप्रवासन खुला गरेको छ। नेपालीहरूका प्रमुख श्रम गन्तव्य मुलुकहरू मलेसिया र खाडीका कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन र ओमन हुन्। यद्यपि, पछिल्लो समय गणतन्त्र कोरिया, जापान, रोमानिया, क्रोएसिया, साइप्रस, माल्दिभ्स, बेलायत, पोल्याण्ड, माल्टा, टर्की, सिसेल्स, अल्बानियाजस्ता देशहरूमा जाने श्रमिकहरूको सङ्ख्या पनि उल्लेख्य

रूपमा बढिरहेको छ। अर्कोतर्फ, गन्तव्य मुलुकका रूपमा नेपालमा छिमेकी देश भारतलगायत अन्य देशहरूबाट समेत उल्लेख्य सङ्ख्यामा श्रमिकहरू रोजगारीमा संलग्न छन्। श्रम आप्रवासनलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै श्रम आप्रवासनसम्बन्धी सेवामा सुशासन कायम गर्न विभिन्न नीतिगत तथा संस्थागत व्यवस्था गरिएको छ।

## २. समस्या, चुनौती र नीतिको आवश्यकता

### २.१ समस्या

श्रम आप्रवासन चक्रमा संलग्न सेवाप्रदायकहरूमा अपेक्षित पारदर्शिता नभएकोले श्रम आप्रवासनमा जाने व्यक्तिहरू निरन्तर ठगीमा पर्ने गरेका छन्। पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य भए तापनि अपेक्षाकृत रूपमा प्रभावकारी हुन सकेको छैन। श्रमिकहरूलाई आवश्यक सूचना, जानकारी तथा परामर्श पर्याप्त नहुँदा अवैध मार्गको प्रयोग गरी अन्य देश जाने र जोखिमयुक्त रोजगारीमा संलग्न हुने ठूलो समस्या देखापरेको छ। भारतमा काम गर्ने नेपाली श्रमिकको तथ्याङ्क नहुनुका साथै उनीहरूको कल्याणका लागि पर्याप्त पहल गर्न सकिएको छैन। नेपालमा काम गर्ने विदेशी श्रमिकका बारेमा विस्तृत अध्ययन भएको छैन। श्रम आप्रवासनका कारण नेपालले विभिन्न सामाजिक मूल्यहरू चुकाउनुपरेको छ। विदेशबाट फर्केका श्रमिकको दिगो र प्रभावकारी पुनःएकीकरण हुन सकेको छैन। श्रमिकहरूमा विभिन्न किसिमका स्वास्थ्य समस्या देखिएका छन्। यसका साथै श्रम कूटनीति, अन्तरमन्त्रालय समन्वय, सेवा प्रवाह, अनुगमन र मूल्याङ्कन प्रभावकारी हुन सकेको छैन।

आन्तरिक र वाह्य श्रम बजारको माग र आवश्यकतानुसार सिपयुक्त एवं दक्ष श्रमिक उत्पादनमा तादात्म्यता नहुनु; श्रम आप्रवासनमा जाने अधिकांश श्रमिकहरूमा शिक्षा र सिपको स्तर न्यून हुनु; रोजगारदातासँगको सम्झौता अनुसारको काम, सुविधा र सुरक्षा नहुनु; गन्तव्य मुलुकको भाषा, संस्कृति तथा न्यूनतम कानूनी ज्ञान नहुँदा अनपेक्षित झमेला व्यहोर्नु; कतिपय आप्रवासी श्रमिकहरू मानव बेचबिखनमा पर्नु; महिला श्रमिकमाथि विविध किसिमका हिंसा तथा शोषण हुनु; पर्याप्त पूर्वतयारी र पुनःएकीकरण प्रभावकारी नहुनु; आप्रवासी नेपाली श्रमिकहरूको मानव अधिकार तथा श्रमिकका हक अधिकारको संरक्षण गर्न नसकिनु जस्ता प्रमुख समस्याहरू देखिएका छन्।

## २.२ चुनौती

श्रम आप्रवासन व्यवस्थापनसम्बन्धी कार्यमा सुशासन कायम गरी यससम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु; वैदेशिक रोजगारीमा जाने श्रमिकको सिप, क्षमता तथा दक्षताको विकास गरी उच्च प्रतिफलयुक्त बनाउनु; विप्रेषणमार्फत प्राप्त पुँजीलाई लगानी र उद्यमशीलतामा केन्द्रित गर्नु; अन्तर्राष्ट्रिय श्रम बजारको माग र प्रवृत्तिअनुसार श्रमिकको सिप र दक्षताको पहिचान र विकास गर्नु तथा श्रम आप्रवासनमा जान चाहने नेपाली श्रमिकलाई नियमित र वैध माध्यमबाट जान प्रेरित गर्नुपर्ने प्रमुख चुनौतीहरू रहेका छन्।

यसैगरी, श्रम आप्रवासमा भएका श्रमिकहरू जोखिमयुक्त काममा संलग्न हुनुपर्ने बाध्यताको अन्त्य गर्नु, आप्रवासनमा रहेका नेपाली नागरिकको स्वास्थ्य सचेतना वृद्धि गरी नसर्ने रोगको जोखिम कम गर्नु, श्रम आप्रवासनबाट समाज एवं परिवारमा परेको सामाजिक क्षति र विखण्डन न्यूनीकरण गर्नु एवं नेपालमा कार्यरत विदेशी श्रमिकको नियमन र व्यवस्थापन गर्नुपर्ने चुनौती हाम्रासामु विद्यमान छ।

## २.३ नीतिको आवश्यकता

नेपालको संविधानले मुलुकलाई सङ्घीय संरचनामा रूपान्तरण गरेको छ। संविधानमा वैदेशिक रोजगारीलाई शोषणरहित, सुरक्षित र व्यवस्थित गर्ने तथा वैदेशिक रोजगारीबाट आर्जित पुँजी, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउने विषय उल्लेख छ। नागरिकको संविधानप्रदत्त हक सुनिश्चित गर्न एवं सङ्घीय संरचना अनुरूप विद्यमान वैदेशिक रोजगार नीति, २०६८ लाई परिमार्जन गर्न आवश्यक भएको छ। श्रम आप्रवासनका विद्यमान सेवालाई निरन्तरता दिई यसका उपलब्धिहरूलाई दिगो राख्दै सङ्घीय संरचना अनुरूप श्रम आप्रवासन सेवाको पुनर्संरचना, विकास र विस्तारका लागि नीतिगत मार्गदर्शन प्रदान गर्नुपर्ने आवश्यकता छ। श्रम आप्रवासनका सम्बन्धमा नेपालले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धताहरू व्यक्त गरेको छ, जसमध्ये दिगो विकास लक्ष्यले आप्रवासी श्रमिकका अधिकारको रक्षा गर्ने र कार्य वातावरणलाई सुरक्षित एवं भरपर्दो बनाउने लक्ष्य लिएको छ।

विश्वव्यापीकरण, निजीकरण, जलवायु परिवर्तन अनुकूलन, श्रम आप्रवासनको अपेक्षित विविधिकरण र सूचना प्रविधिको विकासबाट रोजगारीमा पर्न सक्ने असर

र चुनौतिलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको छ। कामका लागि छिमेकी मुलुक भारत जाने र भारतलगायत अन्य देशबाट नेपाल आउने श्रमिकहरूका बारेमा नीतिगत रूपमा सम्बोधन गर्न यस नीतिको आवश्यकता रहेको छ।

## परिच्छेदः दुई
## नीति संरचना

### ३. दूरदृष्टि

सुरक्षित, व्यवस्थित, मर्यादित श्रम आप्रवासन र पुनःएकीकरणमार्फत समृद्धिमा योगदान।

### ४. ध्येय

श्रम आप्रवासनसम्बन्धी सेवामा सुशासन कायम गरी विप्रेषणलाई उत्पादन र रोजगारी केन्द्रित गर्ने।

### ५. लक्ष्य

सुसूचित, सिपयुक्त, प्रतिष्पर्धी र व्यावसायिक श्रमशक्तिको विकासद्वारा श्रम आप्रवासनलाई प्रतिफलयुक्त बनाउँदै उद्यमशीलतामार्फत बाध्यकारी श्रम आप्रवासनको अन्त्य गर्ने।

### ६. उद्देश्य

१. श्रम आप्रवासनमा सूचना र प्रभावकारी सेवा सुनिश्चित गर्नु।

२. नेपालभित्र रोजगारीका अवसरको अभावका कारण श्रम आप्रवासनमा जानुपर्ने बाध्यताको अन्त्य गर्नु।

३. नेपालमा कार्यरत विदेशी श्रमिकको व्यवस्थापन गर्नु।

४. सुरक्षित, व्यवस्थित र मर्यादित श्रम आप्रवासनको लागि गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता विस्तार र कार्यान्वयन गर्नु।

## ७. नीति

**नीतिहरू:**

७.१ श्रम आप्रवासन व्यवस्थापनका सबै चरणमा सुशासन कायम गर्ने।

७.२ श्रम आप्रवासनसँग सम्बन्धित सूचना र सेवाहरूमा सबैको पहुँच विस्तार गर्ने।

७.३ आप्रवासी श्रमिकको मानव अधिकारको संरक्षण एवं लैङ्गिकताका आधारमा हुन सक्ने सबै किसिमका जोखिम न्यूनीकरण गर्ने।

७.४ अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा प्रवृत्तिअनुसार श्रमिकको सिप र दक्षताको पहिचान एवं विकास गर्ने।

७.५ श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूको दिगो र सम्मानजनक पुनःएकीकरण गरी आन्तरिक रोजगारी सिर्जनामा जोड दिने।

७.६ सामाजिक सुरक्षाका कार्यक्रमहरूमा श्रम आप्रवासनका सबै पक्षलाई समेट्ने।

७.७ नेपालको राष्ट्रिय हित र आवश्यकता अनुरूप नेपालमा कार्यरत विदेशी श्रमिकहरूको नियमन तथा व्यवस्थापन गर्ने।

## ८. रणनीतिः

**नीति ७.१ सँग सम्बन्धित** (श्रम आप्रवासन व्यवस्थापनका सबै चरणमा सुशासन कायम गर्ने।)

८.१ आप्रवासी श्रमिकमैत्री नीति र कानून निर्माण गर्ने ।

८.२ श्रम आप्रवासनमा स्वच्छ र न्यायोचित भर्ना/छनौट प्रणाली अवलम्बन गर्ने।

८.३ श्रम आप्रवासनका सेवा तथा प्रक्रियालाई सङ्घीयता अनुरूप पुनर्संरचना गर्ने।

८.४ सहभागितामूलक विधि एवं साझेदारी र सहकार्यको नीति अवलम्बन गर्ने।

८.५ श्रम आप्रवासनका सेवाप्रदायकको अनुगमनलाई प्रभावकारी बनाउने।

**नीति ७.२ सँग सम्बन्धित** (श्रम आप्रवासनसँग सम्बन्धित सूचना र सेवाहरूमा सबैको पहुँच विस्तार गर्ने।)

८.६ श्रम आप्रवासन चक्रका विभिन्न चरणमा आइपर्न सक्ने समस्या, चुनौती, सम्भावना र अवसरका बारेमा श्रमिक र तिनका परिवारलाई सुसूचित गर्ने।

८.७ श्रम आप्रवासनसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन गर्ने।

८.८ श्रम गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगको श्रम कूटनीति र यसले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउने।

८.९ आप्रवासनसम्बन्धी सेवा प्रवाहलाई श्रमिकमैत्री बनाउँदै प्रदेश र स्थानीय तहसम्म विस्तार गर्ने।

८.१० भारतमा काम गर्न जाने नेपाली श्रमिकलाई श्रम आप्रवासन प्रणालीमा समेट्ने।

८.११ आप्रवासनसम्बन्धी सेवा र न्यायमा सहज पहुँच उपलब्ध गराउने।

**नीति ७.३ सँग सम्बन्धित** (आप्रवासी श्रमिकको मानव अधिकारको संरक्षण एवं लैङ्गिकताका आधारमा हुन सक्ने सबै किसिमका जोखिम न्यूनीकरण गर्ने।)

८.१२ श्रम आप्रवासनलाई शोषणमुक्त, विभेदरहित, सुरक्षित र व्यवस्थित गर्ने।

८.१३ श्रम आप्रवासनका क्षेत्रमा पेसा तथा लैङ्गिकताका आधारमा हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्ने।

८.१४ द्विपक्षीय श्रम सम्झौतामा आप्रवासी श्रमिक अधिकारको संरक्षण गर्न अन्तर्राष्ट्रिय कानूनको पूर्ण पालना हुने गरी कार्यान्वयन गर्ने।

८.१५ श्रमिकको मानव अधिकारको संरक्षण गर्ने।

**नीति ७.४ सँग सम्बन्धित** (अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा प्रवृत्तिअनुसार श्रमिकको सिप र दक्षताको पहिचान एवं विकास गर्ने।)

८.१६ अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारीका अवसरहरूको पहिचान र विविधीकरण गर्ने।

८.१७ अन्तर्राष्ट्रिय श्रम बजारका लागि दक्ष, सिपयुक्त तथा प्रतिष्पर्धी जनशक्तिको विकास गर्ने।

**नीति ७.५ सँग सम्बन्धित** (श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूको दिगो र सम्मानजनक पुनःएकीकरण गरी आन्तरिक रोजगारी सिर्जनामा जोड दिने।)

८.१८ श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूमा उद्यमशिलता तथा व्यावसायिक क्षमता विकास गर्ने।

८.१९ आप्रवासनबाट फर्किएका कामदारको समाज र परिवारमा सम्मानजनक पुनःएकीकरण गर्ने।

**नीति ७.६ सँग सम्बन्धित** (सामाजिक सुरक्षाका कार्यक्रमहरूमा श्रम आप्रवासनका सबै पक्षलाई समेट्ने।)

८.२० आप्रवासनमा जाने सबै श्रमिक र कामदारलाई सामाजिक सुरक्षाका कार्यक्रम र सुविधाहरूमा आबद्ध गर्ने।

८.२१ योगदानकर्ताको आवश्यकताका आधारमा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई योगदानकर्तामैत्री बनाई वित्तीय दिगोपना सुनिश्चित गर्ने।

**नीति ७.७ सँग सम्बन्धित** (नेपालको राष्ट्रिय हित र आवश्यकता अनुरूप नेपालमा कार्यरत विदेशी श्रमिकहरूको नियमन तथा व्यवस्थापन गर्ने।)

८.२२ नेपालमा कार्यरत विदेशी श्रमिकहरूको अभिलेखीकरण गर्ने।

८.२३ विदेशी श्रमिक आवश्यक पर्ने क्षेत्रको पहिचान र प्राथमिकीकरण गर्ने।

## ९. कार्यनीतिः

**रणनीति ८.१ सँग सम्बन्धित** (आप्रवासी श्रमिकमैत्री नीति र कानून निर्माण गर्ने।)

९.१ श्रम आप्रवासनको प्रक्रियालाई सरल, सहज, पारदर्शी र उत्तरदायी बनाउन वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ मा आवश्यक परिमार्जन गरिनेछ।

९.२ श्रम आप्रवासनसम्बन्धी नीति र कानूनी संरचना निर्माण एवं परिमार्जन गर्दा सम्पूर्ण सरकार (Whole of the Government) तथा सम्पूर्ण समाज (Whole of the Society) को विधि अवलम्बन गरिनेछ।

**रणनीति ८.२ सँग सम्बन्धित** (श्रम आप्रवासनमा स्वच्छ र न्यायोचित भर्ना/छनौट प्रणाली अवलम्बन गर्ने।)

९.३ श्रम आप्रवासनका क्रममा हुने खर्च रोजगारदाताले व्यहोर्ने प्रणाली (Employers' Pay Principle) को विस्तार एवं प्रभावकारी कार्यान्वयन गरिनेछ।

९.४ श्रम आप्रवासनसम्बन्धी प्रभावकारी सेवा प्रदान गर्ने व्यवसायीका लागि प्रोत्साहन प्रदान गर्न मापदण्ड बनाई सोको कार्यान्वयन गर्न/गराउन प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरिनेछ।

९.५ श्रम आप्रवासनमा जाने श्रमिकको भर्ना प्रक्रियालाई पारदर्शी, न्यायोचित र स्वच्छ बनाउन वैदेशिक रोजगार व्यवसायीलाई जवाफदेही बनाइनेछ।

**रणनीति ८.३ सँग सम्बन्धित** (श्रम आप्रवासनका सेवा तथा प्रक्रियालाई सङ्घीयता अनुरूप पुनर्संरचना गर्ने।)

९.६ नीति तथा कानूनमा सङ्घ, प्रदेश र स्थानीय तहका काम, कर्तव्य र जिम्मेवारी थप स्पष्ट गरिनेछ।

९.७ स्थानीय तहस्थित रोजगार सेवा केन्द्रलाई रूपान्तरण गर्दै श्रम आप्रवासनको एकल विन्दु सेवा केन्द्र (One Stop Service) का रूपमा विकास गरिनेछ।

९.८ श्रम आप्रवासन व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गरिनेछ।

९.९ कानूनी रूपमा स्थापित विषयगत समितिहरूलाई थप क्रियाशील र सक्रिय बनाइनेछ।

**रणनीति ८.४ सँग सम्बन्धित** (सहभागितामूलक विधि एवं साझेदारी र सहकार्यको नीति अवलम्बन गर्ने।)

९.१० श्रम आप्रवासनसम्बन्धी नीति तथा कार्ययोजना कार्यान्वयनका लागि विकास साझेदार, तहगत सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।

९.११ आप्रवासी श्रमिकको हक हित र सुरक्षाको सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरका मञ्चहरूको उपयोग गरिनेछ।

९.१२ श्रमिक पठाउने मुलुकहरूसँग सहकार्य गर्न प्रभावकारी श्रम कूटनीति प्रवर्धन गरिनेछ।

**रणनीति ८.५सँग सम्बन्धित** (श्रम आप्रवासनका सेवाप्रदायकको अनुगमनलाई प्रभावकारी बनाउने)

९.१३ श्रम आप्रवासनसम्बन्धी व्यवसायीले प्रदान गर्ने सेवाको अनुगमन सूचक तयार गरी निरन्तर अनुगमन गरिनेछ र मूल्याङ्कनका आधारमा पुरस्कृत/दण्डित गरिनेछ।

९.१४ अनुगमन र मूल्याङ्कन प्रक्रियामा आवश्यकतानुसार सरोकारवालाहरूलाई सहभागी गराइनेछ।

९.१५ प्रदेशस्थित श्रम कार्यालय एवं प्रदेश र स्थानीय तहलाई आआफ्ना कार्यक्षेत्रभित्र सञ्चालित आप्रवासन सेवाहरूको अनुगमन गर्ने जिम्मेवारी प्रदान गरिनेछ।

**रणनीति ८.६ सँग सम्बन्धित** (श्रम आप्रवासन चक्रका विभिन्न चरणमा आइपर्न सक्ने समस्या, चुनौती, सम्भावना र अवसरका बारेमा श्रमिक र तिनका परिवारलाई सुसूचित गर्ने।)

९.१६ श्रम आप्रवासनमा जाने निर्णय गर्नुभन्दा पहिला नै श्रमिकलाई स्थानीयस्तरमा अनिवार्य रूपमा सूचना तथा जानकारी र परामर्श प्रदान गरी श्रम आप्रवासनलाई सुसूचित छनोटको विषय बनाइनेछ।

९.१७ श्रम आप्रवासनमा विद्यमान चुनौती, सम्भावित जोखिम र अवसरका बारेमा स्थानीय तहबाट आवश्यक प्रचारप्रसार तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

९.१८ वित्तीय साक्षरता, विप्रेषणको उपयोग, ऋण व्यवस्थापन, डिजिटल साक्षरताजस्ता विषयहरूमा तालिम प्रदान गरिनेछ।

९.१९ जलवायु परिवर्तनका असर र श्रमिकले अवलम्बन गर्नुपर्ने अनुकूलनका उपायहरूबारे अभिमुखीकरण गरिनेछ।

**८.७ सँग सम्बन्धित** (श्रम आप्रवासनसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन गर्ने।)

९.२० राज्यका तीन तहका सरकारबिचको एकीकृत तथ्याङ्क प्रणालीको विकास गरिनुका साथै तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रसारका लागि डिजिटल प्लेटफर्महरूको प्रयोग गरिनेछ।

९.२१ आप्रवासी श्रमिकका तथ्याङ्कलाई नीति निर्माता, अनुसन्धानकर्ता, गैरसरकारी संस्था, निजी क्षेत्र र आम जनताको पहुँचयोग्य बनाइनेछ।

९.२२ तथ्याङ्क विश्लेषण र प्रक्षेपणबाट प्राप्त निष्कर्षलाई नीति, कानून, कार्यक्रम निर्माण तथा निर्णय प्रक्रियामा उपयोग गरिनेछ।

**८.८ सँग सम्बन्धित** (श्रम गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगको श्रम कूटनीति र यसले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउने।)

९.२३ श्रम गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगहरूको संस्थागत क्षमता विकास गर्दै नियोगमा नेपाली श्रमिकको सहज पहुँच सुनिश्चित गरिनेछ।

९.२४ श्रमिकको आकस्मिक मृत्यु भएमा गन्तव्य मुलुकमा नै शवको पोष्टमार्टम गरिनेछ एवं शव स्वदेश ल्याउने साथै राहत, बिमा क्षतिपूर्तिलगायतका सुविधा प्राप्ति गर्ने प्रक्रियालाई थप सरलीकरण गरिनेछ।

९.२५ श्रम स्वीकृतिको म्याद सकिएका आप्रवासी श्रमिकहरूको पुनः श्रम स्वीकृति श्रमिक कार्यरत मुलुकस्थित नेपाली कूटनीतिक नियोगबाट दिने व्यवस्था मिलाइनेछ।

९.२६ गन्तव्य मुलुकमा कूटनीतिक नियोगमार्फत आप्रवासी श्रमिकको राहदानी नवीकरण, भिसालगायतका कागजात तयार गर्न सहयोग, समन्वय, सहजीकरण तथा परामर्श सेवा उपलब्ध गराइनेछ।

९.२७ विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले श्रमिक लक्षित सेवाहरूलाई थप प्रभावकारी बनाउने एवं श्रमिकका समस्या समाधान गर्ने कार्यमा गैरआवासीय नेपाली सङ्घसंस्थाहरूको सहयोग लिने व्यवस्था मिलाइनेछ।

**८.९ सँग सम्बन्धित** (आप्रवासनसम्बन्धी सेवा प्रवाहलाई श्रमिकमैत्री बनाउँदै प्रदेश र स्थानीय तहसम्म विस्तार गर्ने।)

९.२८ पूर्वप्रस्थान अभिमुखीकरण तालिम र श्रम आप्रवासनसम्बन्धी सूचना प्रवाहलाई प्रभावकारी बनाउन अभिमुखीकरण सेवाहरूलाई स्थानीय तहसम्म विस्तार गरिनेछ।

९.२९ श्रम आप्रवासनबाट फर्केका श्रमिकहरूलाई सञ्जालमा आबद्ध गराई समुदायस्तरमा जनचेतना अभिवृद्धिका लागि परिचालन गरिनेछ।

९.३० वैदेशिक रोजगार न्यायाधीकरणबाट प्रदान गरिने न्यायिक सेवाहरूलाई प्रदेश तहसम्म विस्तार गरिनेछ।

९.३१ वैदेशिक रोजगार बोर्डलाई पुनर्संरचना गर्नुका साथै बोर्डको कार्यलाई सरल, सहज, प्रभावकारी र श्रमिकमैत्री बनाइनेछ।

९.३२ वैदेशिक रोजगार कल्याणकारी कोषबाट श्रमिक तथा तिनका परिवारले पाउँदै आएका सेवा सुविधाहरू समयानुकूल पुनरावलोकन गरिनेछ।

९.३३ श्रम आप्रवासनबाट फर्किएका श्रमिकको स्वास्थ्य बिमालाई निरन्तरता हुने व्यवस्था मिलाइनेछ।

९.३४ वैदेशिक रोजगारीका कारण व्यक्ति तथा परिवारमा उत्पन्न मानसिक समस्याहरूलाई सम्बोधन गर्न स्थानीय तहमार्फत मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।

**८.१० सँग सम्बन्धित** (भारतमा काम गर्न जाने नेपाली श्रमिकलाई श्रम आप्रवासन प्रणालीमा समेट्ने।)

९.३५ स्थानीय तहस्थित रोजगार सेवा केन्द्रमार्फत भारतमा काम गर्न जाने नेपाली श्रमिकको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गरिनेछ।

९.३६ भारतमा काम गर्न जाने नेपाली श्रमिकको अधिकार संरक्षणका लागि विद्यमान वैदेशिक रोजगार कल्याणकारी कोषजस्तै कानूनबमोजिम उपयुक्त मोडेल निर्माण गरी क्रमशः आबद्ध गराउँदै लगिनेछ।

९.३७ भारत जाने नेपाली श्रमिकलाई स्थानीय तहमार्फत सूचना तथा जानकारी प्रदान गरिनेछ।

**रणनीति ८.११ सँग सम्बन्धित** (आप्रवासनसम्बन्धी सेवा र न्यायमा सहज पहुँच उपलब्ध गराउने।)

९.३८ श्रम गन्तव्य मुलुकमा नेपाली श्रमिकलाई सेवा प्रदान गर्ने सम्बन्धमा गैरआवासीय नेपालीसँगको सहकार्यलाई थप सुदृढ बनाइनेछ।

९.३९ श्रम आप्रवासनका पीडित श्रमिकलाई स्वदेश र गन्तव्य मुलुकमा निःशुल्क कानूनी सहायता प्रदान गरिनेछ।

९.४० श्रम आप्रवासनसम्बन्धी विवाद तथा क्षतिपूर्तिसँग सम्बन्धित विषय जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतबाट समाधान गर्न कानूनी प्रबन्ध गरिनेछ।

९.४१ सम्झौता वा करारपत्र अनुरूप श्रमिकले सेवा, सुविधा तथा सुरक्षा पाए नपाएको सम्बन्धमा नियमित अनुगमन गरी आवश्यक कानूनी उपचार प्रदान गरिनेछ र सोका लागि कूटनीतिक निकायबाट सहजीकरण गरिनेछ।

९.४२ विदेशस्थित जेलमा रहेका र समस्यामा परेका आप्रवासी श्रमिकको न्यायमा पहुँच सुनिश्चित गरिनेछ।

**रणनीति ८.१२ सँग सम्बन्धित** (श्रम आप्रवासनलाई शोषणमुक्त, विभेदरहित, सुरक्षित र व्यवस्थित गर्ने।)

९.४३ श्रम आप्रवासनसँग सम्बन्धित सेवा प्रदान गर्ने सरकारी निकाय र साझेदार संस्थाहरूलाई आफ्नो काममा थप व्यावसायिक बनाउन आवश्यक अनुशिक्षण प्रदान गरिनेछ।

९.४४ श्रमिकमाथि कुनै पनि प्रकारका ठगी, शोषण तथा मानसिक यातना हुन नदिन सूचना प्रणालीमा आधारित अनुगमन प्रणाली कार्यान्वयन गरिनेछ।

९.४५ श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यवसायीबाट भएका काम कारबाहीका सम्बन्धमा आवश्यकतानुसार विश्वसनीय तेश्रो पक्षबाट अनुपालन परीक्षण (Compliance Audit) गराइनेछ।

९.४६ श्रम आप्रवासनको आवरणमा हुने मानव बेचबिखन तथा  ओसारपसार नियन्त्रण गर्न नेपाल, बाटोमा पर्ने मुलुक र गन्तव्य मुलुकका सम्बन्धित सरोकारवाला सङ्घसंस्थासँग समन्वय र सहकार्य विस्तार गरिनेछ।

९.४७ विशेष सचेतनाका कार्यक्रममार्फत श्रमिकहरूलाई नियमित र औपचारिक माध्यमबाट मात्र श्रम आप्रवासनमा जान प्रोत्साहित गरिनेछ।

९.४८ आप्रवासनपूर्व र पश्चातको स्वास्थ्य अभिलेख व्यवस्थित गरिनेछ साथै गन्तव्य मुलुकमा समेत नियमित स्वास्थ्य परीक्षण र उपचारको व्यवस्था मिलाइनेछ।

**रणनीति ८.१३ सँग सम्बन्धित** (श्रम आप्रवासनका क्षेत्रमा पेसा तथा लैङ्गिकताका आधारमा हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्ने।)

९.४९ आप्रवासी श्रमिक उपर कुनै विभेद भएमा तत्काल न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानूनी सेवा र परामर्श उपलब्ध गराईनेछ।

९.५० श्रम आप्रवासनको चक्रमा महिला घरेलु श्रमिकलगायत अन्य पेसामा हुने विभेद अन्त्य गरी प्रस्थानपूर्व नै क्षमता अभिवृद्धि गर्न अभिमुखीकरण तालिमहरू सञ्चालन गरिनेछ।

९.५१ श्रम आप्रवासनमा जान चाहने महिला र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई निःशुल्क सिप विकास तालिम प्रदान गरिनेछ।

९.५२ श्रम आप्रवासनका क्रममा हिंसा, शोषण तथा समस्यामा परेका महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका श्रमिकहरूको पुनःस्थापना तथा सम्मानजनक पुनःएकीकरण गर्न स्थानीयस्तरमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति ८.१४ सँग सम्बन्धित** (द्विपक्षीय श्रम सम्झौतामा आप्रवासी श्रमिक अधिकारको संरक्षण गर्न अन्तर्राष्ट्रिय कानूनको पूर्ण पालना हुने गरी कार्यान्वयन गर्ने।)

९.५३ श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यवसायी, गैरसरकारी संस्था र सम्बन्धित सरोकारवालाको अर्थपूर्ण सहभागिताका आधारमा द्विपक्षीय श्रम सम्झौताको नमूना ढाँचा विकास गरी कार्यान्वयन गरिनेछ।

९.५४ श्रम कूटनीतिलाई थप सक्रिय बनाउँदै विभिन्न मुलुकसँगको श्रम सम्झौताको पुनरावलोकन तथा नयाँ गन्तव्य मुलुकसँग श्रम सम्झौता गरिनेछ।

९.५५ श्रमिकको कार्यअवधिभरको बिमा गर्ने प्रावधान श्रमिकको करारपत्र र श्रम गन्तव्य मुलुकसँग गरिने द्विपक्षीय श्रम सम्झौतामा उल्लेख गरिनेछ।

**रणनीति ८.१५ सँग सम्बन्धित** (श्रमिकको मानव अधिकारको संरक्षण गर्ने।)

९.५६ श्रम आप्रवासनका सम्पूर्ण चरणमा आप्रवासी श्रमिकको मानव अधिकारको संरक्षण गर्ने व्यवस्था मिलाईनेछ।

९.५७ विपद्का समयमा राहत, उद्धार, संरक्षण र पुनःस्थापनामा सबै श्रमिकहरूलाई समान व्यवहार गरिनेछ।

९.५८ गन्तव्य मुलुकहरूमा आप्रवासी श्रमिकको अधिकार संरक्षण गर्न राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बद्ध संस्थाहरूबिचको सहयोग र सहकार्यलाई बढावा दिइनेछ।

**रणनीति ८.१६ सँग सम्बन्धित** (अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारीका अवसरहरूको पहिचान र विविधीकरण गर्ने।)

९.५९ नेपाली श्रमिकहरूका लागि मर्यादित र आकर्षक रोजगारीका अवसर भएका रोजगारीका क्षेत्र र श्रम गन्तव्य मुलुकहरूको खोजी गरिनेछ।

९.६० अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकको विशिष्ट प्रभाव, माग र प्रतिष्पर्धात्मक दक्षता भएका क्षेत्रको पहिचान गरी प्रवर्धन गरिनेछ।

९.६१ अन्तर्राष्ट्रिय रोजगारीका अवसरहरू पहिचान गर्न डिजिटल प्रणालीको विकास, सञ्चालन र उपयोग गरिनेछ।

**रणनीति ८.१७ सँग सम्बन्धित** (अन्तर्राष्ट्रिय श्रम बजारका लागि दक्ष, सिपयुक्त तथा प्रतिष्पर्धी जनशक्तिको विकास गर्ने।)

९.६२ श्रम बजारको माग र आवश्यकता अनुरूप युवाहरूलाई प्राविधिक तथा व्यावसायिक सिप उपलब्ध गराईनेछ।

९.६३ डिजिटल सिप, कृत्रिम बौद्धिकता र सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नयाँ प्राविधिक क्षेत्रमा युवाहरूको दक्षता विकासको लागि प्राविधिक र व्यावसायिक तालिम प्रदान गरिनेछ।

९.६४ स्वरोजगार अभिवृद्धिका लागि डिजिटल प्रकृतिका रोजगारीका सबै क्षेत्रको पहिचान र प्रोत्साहन गरिनेछ।

९.६५ श्रमिकले स्वदेश वा विदेशमा आर्जन गरेको वा सिकेको सिपको परीक्षण गरी स्तरीकरण र प्रमाणिकरण गरिनेछ।

**रणनीति ८.१८ सँग सम्बन्धित** (श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूमा उद्यमशिलता तथा व्यावसायिक क्षमता विकास गर्ने।)

९.६६ श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूलाई स्थानीय तहमार्फत उद्यमशीलता विकास तथा सिप अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.६७ श्रम आप्रवासनबाट फर्किएर उद्यम गरेका उत्कृष्ट उद्यमीलाई सम्मान तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

९.६८ परियोजनाका आधारमा बिमासहितको आर्थिक प्रोत्साहनमूलक कार्यक्रमहरू विकास गरी लागु गरिनेछ।

९.६९ आप्रवासी श्रमिकका परिवारका सदस्यहरूलाई उद्यमशीलता, सिप विकास र वित्तीय साक्षरतामार्फत उद्यम व्यवसायमा लाग्न प्रेरित गरिनेछ।

**रणनीति ८.१९ सँग सम्बन्धित** (आप्रवासनबाट फर्किएका कामदारको समाज र परिवारमा सम्मानजनक पुनःएकीकरण गर्ने।)

९.७० विदेशबाट फर्किएका श्रमिक र श्रमिकका परिवारहरूको सञ्जाल बनाइनेछ।

९.७१ बैदेशिक रोजगारमा रहेका श्रमिकले आफ्नो समुदायको विकासका निमित्त पठाएको विप्रेषणको रकममा स्थानीय सरकारले थप विनियोजन गरी सामुदायिक विकास तथा स्थानीय पूर्वाधार निर्माणमा परिचालन गरिनेछ।

९.७२ श्रम आप्रवासनबाट फर्किएका महिला र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक श्रमिकका समस्याहरूको विश्लेषण गरी पुनःस्थापनाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

९.७३ महिला र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक साथै जोखिममा परेका आप्रवासी श्रमिक र तिनका परिवारका लागि परामर्श सेवा, कानूनी सहायता, स्वास्थ्य सेवा, व्यावसायिक तालिम र मनोसामाजिक सेवा प्रदान गरिनेछ।

९.७४ पुनःएकीकरण योजनालाई पूर्वप्रस्थान अभिमुखीकरण तालिम पाठ्यक्रममा समावेश गरिनेछ।

९.७५ श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूको खण्डिकृत तथ्याङ्क राखी डिजिटल माध्यमबाट सार्वजनिक गर्ने प्रयोजनका लागि प्रवेश विन्दुमा तथ्याङ्क प्रविष्ट गर्ने व्यवस्था मिलाईनेछ।

९.७६ श्रम आप्रवासनबाट, आर्जित ज्ञान, सिप, अनुभव र पुँजीको पहिचान गरी प्रणालीमा आबद्ध गर्न उपलब्ध मानवीय पुँजीको उत्पादनशील रोजगारी तथा स्वरोजगारको क्षेत्रमा परिचालन गरिनेछ।

९.७७ पुनःएकीकरणका लागि स्थानीय तहको अगुवाईमा सङ्घ, प्रदेश र स्थानीय तहमार्फत निजी क्षेत्र, गन्तव्य मुलुक र गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी पुनःएकीकरणलाई दिगो र स्वरोजगार केन्द्रित गरिनेछ।

९.७८ सिप प्रमाणीकरण, कर्जा सहजीकरण, वित्तिय साक्षरता तथा रोजगार प्रदायक संस्थासँग सम्बन्ध विस्तारका लागि स्थानीय तहसँग समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ।

**रणनीति ८.२० सँग सम्बन्धित** (आप्रवासनमा जाने सबै श्रमिक र कामदारलाई सामाजिक सुरक्षाका कार्यक्रम र सुविधाहरूमा आबद्ध गर्ने।)

९.७९ श्रम आप्रवासनमा जानुपूर्व आप्रवासी श्रमिकलाई सामाजिक सुरक्षा कोष र योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरूबारे अभिमुखीकरण गरिनेछ।

९.८० आप्रवासी श्रमिक र परिवारका लागि सामाजिक सुरक्षा कार्यक्रमबारे व्यापक सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

९.८१ श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउँदै रोजगारीमा रहेका बखत कार्यघण्टा बाहेक समयमा समेत सामाजिक सुरक्षा कोषबाट सुविधा प्राप्त हुने व्यवस्था मिलाइनेछ।

९.८२ भारतमा रोजगारीमा जाने श्रमिकलाई समेत सामाजिक सुरक्षाका कार्यक्रम र सुविधामा आबद्ध गराइनेछ।

९.८३ रोजगारीमा गएका श्रमिकहरूको लागि गन्तव्य मुलुकका रोजगारदाताबाट सामाजिक सुरक्षा कोषमा योगदानका लागि द्विपक्षीय सम्झौतामा समावेश गरिनेछ।

**रणनीति ८.२१ सँग सम्बन्धित** (योगदानकर्ताको आवश्यकताका आधारमा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई योगदानकर्तामैत्री बनाई वित्तीय दिगोपना सुनिश्चित गर्ने।)

९.८४ योगदानकर्ताको कामको प्रकृति र निजको योगदानका क्षमताअनुसारका कार्यक्रमहरू विकास गरी कार्यन्वयन गरिनेछ।

९.८५ वैदेशिक रोजगारीबाट फर्किइ नेपालमा नै व्यवसाय वा उद्यम गरेका श्रमिकहरूलाई सामाजिक सुरक्षाका योजनाहरूमा आबद्ध गर्न थप कार्यक्रमहरू विकास गरी लागु गरिनेछ।

९.८६ सामाजिक सुरक्षाका योजनाहरूलाई वृहत, परिष्कृत र दिगो बनाउन सामाजिक सुरक्षा कार्यक्रमहरूलाई योगदानकर्ताका आवश्यकतानुसार विविधीकरण गरिनेछ।

९.८७ सामाजिक सुरक्षा कोषमा सङ्कलित रकमलाई सुरक्षित, उत्पादनमुलक र प्रतिफलयुक्त क्षेत्रमा लगानी गरिनेछ।

**रणनीति ८.२२ सँग सम्बन्धित** (नेपालमा कार्यरत विदेशी श्रमिकहरूको अभिलेखीकरण गर्ने।)

९.८८ नेपालमा काम गर्ने विदेशी श्रमिकहरूको तथ्याङ्क सङ्कलन प्रणाली निर्माण गरी अभिलेख अद्यावधिक गरिनेछ।

९.८९ नेपालमा काम गर्ने विदेशी श्रमिकले श्रम स्वीकृति लिए नलिएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ।

**रणनीति ८.२३ सँग सम्बन्धित** (विदेशी श्रमिक आवश्यक पर्ने क्षेत्रको पहिचान र प्राथमिकीकरण गर्ने।)

९.९० विदेशी श्रमिक आवश्यक देखिएका क्षेत्रको अध्ययन एवं विश्लेषणको आधारमा नेपाली श्रमिकको सिप तथा दक्षता अभिवृद्धि गरी क्रमशः प्रतिस्थापन गर्न विदेशी श्रमिक प्रतिस्थापन योजना निर्माण गरिनेछ।

९.९१ नेपालमा कार्यरत विदेशी श्रमिकहरूको ज्ञान, सिप तथा प्रविधि हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ।

९.९२ नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय श्रमसम्बन्धी अनुबन्धमा उल्लेख भएबमोजिम नेपालमा आई काम गर्ने विदेशी श्रमिकको अधिकारको संरक्षण गरिनेछ।

९.९३ नेपालबाट बाहिरिने विप्रेषणलाई अनिवार्य रूपमा बैंकिङ प्रणालीमा आबद्ध गर्ने व्यवस्था मिलाइनेछ।

## परिच्छेदः तीन
## नीति कार्यान्वयन

### १०. संस्थागत व्यवस्था

श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउँदै आप्रवासनसँग सम्बन्धित कार्यमा सुशासन कायम गर्ने जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; मातहतका निकाय; प्रदेश  र स्थानीय तहमा रहनेछ।

### ११. कानूनी व्यवस्था

श्रम आप्रवासन व्यवस्थापन गर्न नेपाल सरकारले हाल अवलम्बन गरेका कानूनी व्यवस्थाहरूलाई यस नीतिमा भएका व्यवस्था अनुकूल परिमार्जन र थप व्यवस्थित गरिनेछ।

### १२. वित्तीय व्यवस्था

श्रम आप्रवासनका सबै पक्षलाई व्यवस्थित, मर्यादित एवं सहज बनाउन वित्तीय स्रोत व्यवस्थापन अपरिहार्य रहन्छ। नेपालको संविधानले परिकल्पना गरेअनुसार राज्यका तीन तहका सरकारबिच एकीकृत र सामञ्जस्यपूर्ण ढङ्गबाट वित्तिय स्रोत परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ। वैदेशिक रोजगारी र आन्तरिक रोजगारी व्यवस्थापनको नेतृत्वदायी भूमिकामा रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अर्थ मन्त्रालयसँगको समेत समन्वयमा वित्तीय स्रोत व्यवस्थापन गरिनेछ।

### १३. नीति समन्वय र सामाञ्जस्यता

वैदेशिक र आप्रवासन व्यवस्थापन केन्द्रित यस आप्रवासन नीतिसँग अन्तरसम्बन्धित अन्य नीति तथा रणनीतिहरूको सामञ्जस्यता हुनु आवश्यक छ। यस नीतिसँग सम्बन्धित नेपाल सरकारले अबलम्बन गरेको आर्थिक कूटनीति, श्रम कूटनीति, आन्तरिक रोजगार नीति, सामजिक सुरक्षा नीति,  बिमासम्बन्धी नीतिहरू तथा मौद्रिक नीतिमा समेत स्वरोजगार र उत्पादनमूलक क्षेत्रमा लगानी केन्द्रित बनाउनुपर्ने हुन्छ। साथै, वैदेशिक रोजगारीको विविधीकरण गर्न यसमा देखिएका

समस्या समाधान र वैदेशिक रोजगारीलाई मर्यादित एवं सम्मानजनक बनाउन श्रम कूटनीतिलाई समेत सबल बनाइनेछ।

## १४. जोखिम पहिचान र व्यवस्थापन

वैदेशिक रोजगारीको बदलिँदो परिस्थिति, माग गरिएका क्षेत्र र नेपालमा उपलब्ध जनशक्तिमा भएको सिपबिच तादात्म्यताको कमी छ। विश्वका विभिन्न देशमा भइरहेको द्वन्द्व र प्राकृतिक विपद्ले आप्रवासनलाई जोखिमपूर्ण बनाएको छ। अर्कोतर्फ, जलवायु परिवर्तनले जीविकोपार्जनको मुख्य स्रोत कृषि र पशुपालनमा नकरात्मक असर पारेका कारण जीविका चलाउन कठीन हुँदै गइरहेको छ। यस कारण पनि नेपाली युवाहरू श्रम आप्रवासनमा जाने गरेका छन्। त्यसैगरी, जलवायु परिवर्तनका कारण श्रम गन्तव्य मुलुकमा समेत तापक्रम बढिरहेको हुनाले नेपाली आप्रवासी श्रमिकहरूको जीवन थप कष्टकर बन्दै गईरहेको छ। यसैगरी श्रम आप्रवासनमा आएको व्यापक बदलाब र परिवर्तनसँगै मानव तस्करी, ठगी, सङ्गठित अपराध, अवैध मार्गको प्रयोग जस्ता जोखिमहरू बढिरहेका छन्।

## १५. अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन

श्रम आप्रवासनसँग सम्बन्धित विषयलाई बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुरूप सम्बोधन हुने गरी नियमनकारी निकायहरूलाई थप प्रतिष्पर्धी, व्यावसायिक र सक्षम बनाइनेछ। श्रम आप्रवासनको व्यवस्थापनलाई मार्गदर्शन प्रदान गर्न र श्रम आप्रवासनमार्फत हुने राष्ट्रिय आय तथा सिपलाई समावेशी आर्थिक वृद्धि, दिगो तथा उत्पादनशील र जलवायु उत्थानशील तथा अनुकूलन हुने क्षेत्रमा लगानीतर्फ उन्मुख गर्न एवं सम्बन्धित निकायबिच समन्वय तथा सामञ्जस्यता कायम गर्न एउटा सचिवस्तरीय समिति रहनेछ र सो समितिले वार्षिक रूपमा समीक्षा, मूल्याङ्कन र समन्वय गर्नेछ। उक्त मूल्याङ्कन प्रक्रियामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश र श्रम आप्रवासनमा प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका निर्वाह गर्ने सम्बन्धित अन्य सरकारी निकाय, नेपाल राष्ट्र बैंक, गाउँपालिका र नगरपालिका महासङ्घका प्रतिनिधि, श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यवसायी र गैरसरकारी

सङ्घसंस्था एवं निजी क्षेत्र, श्रमसँग सम्बद्ध सङ्गठनहरू, आप्रवासी श्रमिक र विज्ञ रहनेछन्। मूल्याङ्कनका सूचकहरू तयार गरी आवधिक रूपमा प्रतिवेदन पेस हुने व्यवस्था समेत मिलाइनेछ। यस श्रम आप्रवासन नीतिको कार्यान्वयनका सन्दर्भमा परिवर्तित परिवेश, नीति कार्यान्वयको प्रभावकारिता समेतका पक्षको विश्लेषणका आधारमा हरेक पाँच वर्षमा यसको समीक्षा गरी पुनरावलोकन तथा सामयिक परिमार्जन गरिनेछ।

## १६. नीति कार्यान्वयन कार्ययोजना

यस नीतिको कार्यन्वयन कार्ययोजना अनुसूची -१ मा संलग्न भएबमोजिम हुनेछ।

## १७. खारेजी र बचाउ

यस नीति कार्यान्वयनसँगै वैदेशिक रोजगार नीति, २०६८ खारेज गरिएको छ। सो नीतिबमोजिम भए गरेका काम कारबाही यसै नीतिबमोजिम भए गरेको मानिनेछ।

# अनुसूची -१

## (दफा १६ सँग सम्बन्धित)

## राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ कार्यन्वयन कार्ययोजना

| क्र. स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | श्रम आप्रवासनको प्रक्रियालाई सरल, सहज, पारदर्शी र उत्तरदायी बनाउन वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ आवश्यक परिमार्जन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २ वर्ष | कानून तर्जुमा भई रोजगार व्यवस्थापनका निम्ति उपयुक्त कानूनी वातावरण निर्माण भएको हुने। |
| २. | श्रम आप्रवासनसम्बन्धी नीति र कानूनी संरचना निर्माण एवं परिमार्जन गर्दा सम्पूर्ण सरकार (Whole of the Government) तथा सम्पूर्ण समाज (Whole of the Society) को विधि अवलम्बन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | श्रम आप्रवासन नीति र कानूनी संरचनामा तीन तहको सरकार र सरोकारवालाको सहभागितामा सुदृढ भएको हुने। |
| ३. | श्रम आप्रवासनका क्रममा हुने खर्च रोजगारदाताले व्यहोर्ने प्रणाली (Employers' Pay Principle) को विस्तार एवं प्रभावकारी कार्यान्वयन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | परराष्ट्र मन्त्रालय, कूटनीतिक नियोगहरू, वैदेशिक रोजगार विभाग | निरन्तर | वैदेशिक रोजगारीमा लाग्ने खर्च पूर्णरूपमा रोजगारदाताबाट व्यहोर्ने व्यवस्था लागु भएको हुने। |
| ४. | श्रम आप्रवासनसम्बन्धी प्रभावकारी सेवा प्रदान गर्ने व्यवसायीका लागि प्रभावकारी मापदण्ड बनाई सोको कार्यान्वयन गर्न/गराउन प्रभावकारी अनुगमन संयन्त्र निर्माण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार विभाग, कूटनीतिक नियोगहरू, श्रम कार्यालय | ४ वर्ष | अनुगमन प्रभावकारी भएको हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५. | श्रम आप्रवासनमा जाने श्रमिकको भर्ना प्रक्रियालाई पारदर्शी, न्यायोचित र स्वच्छ बनाउन वैदेशिक रोजगार व्यवसायीलाई जवाफदेही बनाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार व्यवसायीहरू | ४ वर्ष | वैदेशिक रोजगार व्यवसायी जवाफदेही भएको हुने। |
| ६. | नीति तथा कानूनमा सङ्घ, प्रदेश र स्थानीय तहका काम, कर्तव्य र जिम्मेवार स्पष्ट गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; प्रदेश सरकार, स्थानीय तहहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ३ वर्ष | नीति तथा कानूनमा थप स्पष्टता कायम भएको हुने। |
| ७. | रोजगार सेवा केन्द्रलाई एकल विन्दु सेवा केन्द्र (One Stop Service) का रूपमा विकास गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्थानीय तहहरू | वैदेशिक रोजगार विभाग, अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार | ३ वर्ष | स्थानीय रोजगार सेवा केन्द्रहरू एकल विन्दु सेवा केन्द्रमा रूपान्तरण भएको हुने। |
| ८. | श्रम आप्रवासन व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; प्रदेश सरकारहरू; स्थानीय तहहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | श्रम आप्रवासनमा प्रभावकारी समन्वय र सहकार्य भएको हुने। |
| ९. | कानूनी रूपमा स्थापित विषयगत समितिहरूलाई थप क्रियाशील र सक्रिय बनाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, वैदेशिक रोजगार बोर्ड | निरन्तर | विषयगत समितिहरू थप सक्रिय र क्रियाशील भएको हुने। |

| क्र. स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १०. | श्रम आप्रवासनसम्बन्धी नीति तथा कार्ययोजना कार्यान्वयनका लागि विकास साझेदार, तहगत सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तहहरू | परराष्ट्र मन्त्रालय, कूटनीति नियोगहरू, अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार | निरन्तर | श्रमिक हित सुनिश्चितको लागि अन्तर्राष्ट्रिय श्रम कूटनीति सबल भएको हुने। |
| ११. | आप्रवासी श्रमिकको हक हित र सुरक्षाको सुनिश्चित-ताका लागि अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरका मञ्चहरूको उपयोग गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | कूटनीतिक नियोगहरू, अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार | निरन्तर | आप्रवासी श्रमिकको हक र सुरक्षा अन्तर्राष्ट्रिय र क्षेत्रीय मञ्चमार्फत पैरवी भएको हुने। |
| १२. | श्रमिक पठाउने मुलुकहरूसँग सहकार्य गर्न प्रभावकारी श्रम कूटनीति प्रवर्धन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | कूटनीतिक नियोगहरू, अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार | निरन्तर | श्रमिक पठाउने मुलुकहरूसँग प्रभावकारी श्रम कूटनीति स्थापित भएको हुने। |
| १३. | श्रम आप्रवासनसम्बन्धी व्यवसायीले प्रदान गर्ने सेवाको अनुगमन सूचक तयार गरी निरन्तर अनुगमन गर्ने र मूल्याङ्कनका आधारमा पुरस्कृत/दण्डित गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार व्यवसायीहरू | निरन्तर | वैदेशिक रोजगार व्यवसायमा पारदर्शिता कायम भएको हुने। |
| १४. | अनुगमन र मूल्याङ्कन प्रक्रियामा आवश्यकतानुसार सरोकारवालाहरूलाई सहभागी गराउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार विभाग, नेपाल प्रहरी, नागरिक समाज, वैदेशिक रोजगार व्यवसायी सङ्घहरू | निरन्तर | सहभागितामूलक अनुगमन भएको हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १५. | प्रदेशस्थित श्रम कार्यालय एवं प्रदेश र स्थानीय तहलाई आआफ्ना कार्यक्षेत्रभित्र सञ्चालित आप्रवासन सेवाहरूको अनुगमन गर्ने जिम्मेवारी प्रदान गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | वैदेशिक रोजगार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | २ वर्ष | प्रदेश र स्थानीय तहमा आप्रवासन सेवाहरूको प्रभावकारी अनुगमन भएको हुने। |
| १६. | श्रम आप्रवासनमा जाने निर्णय गर्नुभन्दा पहिला नै श्रमिकलाई स्थानीयस्तरमा अनिवार्य रूपमा सूचना तथा जानकारी र परामर्श प्रदान गरी श्रम आप्रवासनलाई सुसूचित छनोटको विषय बनाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्थानीय तह | वैदेशिक रोजगार बोर्ड, अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार | २ वर्ष | श्रमिकको आप्रवासनअघि सुसूचित निर्णय गर्ने क्षमता विकास भएको हुने। |
| १७. | श्रम आप्रवासनमा विद्यमान चुनौती, सम्भावित जोखिम र अवसरका बारेमा स्थानीय तहबाट आवश्यक प्रचारप्रसार तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्थानीय तह | वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार व्यवसायी सङ्घहरू, अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार | निरन्तर | श्रमिक र तिनका परिवारको चेतना वृद्धि भई सुरक्षित आप्रवासन वृद्धि भएको हुने। |
| १८. | वित्तीय साक्षरता, विप्रेषणको उपयोग, ऋण व्यवस्थापन, डिजिटल साक्षरताजस्ता विषयहरूमा तालिम प्रदान गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | नेपाल राष्ट्र बैंक, स्थानीय तह, अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार | निरन्तर | श्रमिकमा वित्तीय, डिजिटल र ऋण व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि भएको हुने। |
| १९. | जलवायु परिवर्तनका असर र श्रमिकले अवलम्बन गर्नुपर्ने अनुकूलनका उपायहरूबारे अभिमुखीकरण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वन तथा वातावरण मन्त्रालय | स्थानीय तह, वैदेशिक रोजगार बोर्ड, अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार | निरन्तर | श्रमिकहरू जलवायु परिवर्तनका असर र अनुकूलन उपायबारे सचेत र सुसुचित भएको हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| २०. | राज्यका तीन तहका सरकारबिचको एकीकृत तथ्याङ्क प्रणालीको विकास गरिनुका साथै तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रसारका लागि डिजिटल प्लेटफर्महरूको प्रयोग गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय तथ्याङ्क कार्यालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, प्रदेश/स्थानीय तह | ४ वर्ष | एकीकृत तथ्याङ्क प्रणाली विकास भएको हुने। |
| २१. | आप्रवासी श्रमिकका तथ्याङ्कलाई नीति निर्माता, अनुसन्धानकर्ता, गैरसरकारी संस्था, निजी क्षेत्र र आम जनताको पहुँचयोग्य बनाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय योजना आयोग, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, प्रदेश/स्थानीय तह | ४ वर्ष | आप्रवासी श्रमिकका तथ्याङ्क सबै सरोकारवालासम्म पहुँचयोग्य हुने। |
| २२. | तथ्याङ्क विश्लेषण र प्रक्षेपणबाट प्राप्त निष्कर्षलाई नीति, कानून, कार्यक्रम निर्माण तथा निर्णय प्रक्रियामा उपयोग गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | तथ्याङ्कबाट प्राप्त निष्कर्ष नीति, कानून र कार्यक्रम निर्माणमा उपयोग भएको हुने। |
| २३. | श्रम गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नि-योगहरूको संस्थागत क्षमता विकास गर्दै नियोगमा नेपाली श्रमिकको सहज पहुँच सुनिश्चित गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | कूटनीतिक नियोगहरू, वैदेशिक रोजगार बोर्ड | २ वर्ष | गन्तव्य मुलुकमा श्रमिक सेवा सुदृढ भएको हुने। |
| २४. | श्रमिकको आकस्मिक मृत्यु भएमा गन्तव्य मुलुकमा नै शवको पोष्टमार्टम गर्ने एवं शव स्वदेश ल्याउने साथै राहत, बिमा क्षतिपूर्तिलगायतका सुविधा प्राप्ति गर्ने प्रक्रियालाई थप सरलीकरण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय; वैदेशिक रोजगार बोर्ड | कूटनीतिक नियोगहरू, वैदेशिक रोजगार व्यवसायी, बिमा कम्पनी | २ वर्ष | आकस्मिक मृत्यु भएका श्रमिकको शव र राहत सुविधा सहज र द्रुत उपलब्ध हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| २५. | श्रम स्वीकृतिको म्याद सकिएका आप्रवासी श्रमिकहरूको पुनः श्रम स्वीकृति श्रमिक कार्यरत मुलुकस्थित नेपाली कूटनीतिक नियोगबाट दिने व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | कूटनीतिक नियोग, वैदेशिक रोजगार विभाग | २ वर्ष | म्याद सकिएका श्रमिकहरूको पुनः श्रम स्वीकृति सहज रूपमा उपलब्ध भएको हुने। |
| २६. | गन्तव्य मुलुकमा कूटनीतिक नियोगमार्फत आप्रवासी श्रमिकको राहदानी नवीकरण, भिसालगायतका कागजात तयार गर्न सहयोग, समन्वय, सहजीकरण तथा परामर्श सेवा उपलब्ध गराउने। | परराष्ट्र मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | राहादानी विभाग, कूटनीतिक नियोग, वैदेशिक रोजगार विभाग | २ वर्ष | गन्तव्य मुलुकमा श्रमिकका कागजात र सेवाहरू सहज र प्रभावकारी रूपमा उपलब्ध भएको हुने। |
| २७. | विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले श्रमिक लक्षित सेवाहरूलाई थप प्रभावकारी बनाउने एवं श्रमिकका समस्या समाधान गर्ने कार्यमा गैरआवासीय नेपाली सङ्घसंस्थाहरूको सहयोग लिने व्यवस्था मिलाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | कूटनीतिक नियोग, गैरआवासीय नेपाली सङ्घसंस्थाहरू | ३ वर्ष | समस्या समाधानमा गैरआवासीय नेपाली लगायतको सहयोग प्राप्त भएको हुने। |
| २८. | पूर्वप्रस्थान अभिमुखीकरण तालिम र श्रम आप्रवासनसम्बन्धी सूचना प्रवाहलाई प्रभावकारी बनाउन अभिमुखीकरण सेवाहरूलाई स्थानीय तहसम्म विस्तार गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वैदेशिक रोजगार बोर्ड | प्रदेश/स्थानीय तह | ३ वर्ष | पूर्वप्रस्थान अभिमुखीकरण तालिम र सुचना स्थानीय तहसम्म विस्तार भएको हुने। |
| २९. | श्रम आप्रवासनबाट फर्केका श्रमिकहरूलाई सञ्जालमा आबद्ध गराई समुदायस्तरमा जनचेतना अभिवृद्धिका लागि परिचालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार बोर्ड, स्थानीय तह, श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूको सञ्जाल | ३ वर्ष | फर्किएका श्रमिकहरू सञ्जालमा आबद्ध भई समुदायमा पुनःएकीकरण भएको हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३०. | वैदेशिक रोजगार न्यायाधीकरणबाट प्रदान गरिने न्यायिक सेवाहरूलाई प्रदेश तहसम्म विस्तार गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वैदेशिक रोजगार न्यायाधीकरण | वैदेशिक रोजगार बोर्ड, प्रदेश/स्थानीय तह | ३ वर्ष | वैदेशिक रोजगारसम्बन्धी न्यायिक सेवा प्रदेश तहसम्म पहुँचयोग्य हुने। |
| ३१. | वैदेशिक रोजगार बोर्डलाई पुनर्संरचना गर्नुका साथै बोर्डको कार्यलाई सरल, सहज, प्रभावकारी र श्रमिकमैत्री बनाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वैदेशिक रोजगार बोर्ड | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ३ वर्ष | वैदेशिक रोजगार बोर्डबाट प्रदान हुने सेवाहरू प्रभावकारी र श्रमिकमैत्री हुने। |
| ३२. | वैदेशिक रोजगार कल्याणकारी कोषबाट श्रमिक तथा तिनका परिवारले पाउँदै आएका सेवा सुविधा-हरू समयानुकूल पुनरावलोकन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वैदेशिक रोजगार बोर्ड | सामाजिक सुरक्षा कोष, बिमा कम्पनी | ३ वर्ष | कोषबाट उपलब्ध श्रमिक सेवाहरू समयानुकूल सुधार भएको हुने। |
| ३३. | श्रम आप्रवासनबाट फर्किएका श्रमिकको स्वास्थ्य बिमालाई निरन्तरता हुने व्यवस्था मिलाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सामाजिक सुरक्षा कोष, बिमा कम्पनी | ३ वर्ष | फर्किएका श्रमिकको स्वास्थ्य बिमा योगदानका आधारमा निरन्तर उपलब्ध हुने। |
| ३४. | वैदेशिक रोजगारीका कारण व्यक्ति तथा परिवारमा उत्पन्न मानसिक समस्याहरूलाई सम्बोधन गर्न स्थानीय तहमार्फत मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | वैदेशिक रोजगार बोर्ड, प्रदेश/स्थानीय तह | ३ वर्ष | स्थानीय तहमार्फत वैदेशिक रोजगारीले उत्पन्न मानसिक समस्यामा प्रभावकारी परामर्श सेवा उपलब्ध हुने। |
| ३५. | स्थानीय तहस्थित रोजगार सेवा केन्द्रमार्फत भारतमा काम गर्न जाने नेपाली श्रमिकको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | गृह मन्त्रालय, वैदेशिक रोजगार विभाग, स्थानीय तह | ३ वर्ष | भारत जाने श्रमिकहरू श्रम आप्रवासन प्रणालीमा आबद्ध हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३६. | भारतमा काम गर्न जाने नेपाली श्रमिकको अधिकार संरक्षणका लागि विद्यमान वैदेशिक रोजगार कल्याणकारी कोषजस्तै कानूनबमोजिम उपयुक्त मोडेल निर्माण गरी क्रमशः आबद्ध गराउँदै लैजाने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सामाजिक सुरक्षा कोष | वैदेशिक रोजगार बोर्ड | ३ वर्ष | भारतमा काम गर्ने नेपाली श्रमिकहरू सामाजिक सुरक्षामा आबद्ध भएको हुने। |
| ३७. | भारत जाने नेपाली श्रमिकलाई स्थानीय तहमार्फत सूचना तथा जानकारी प्रदान गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्थानीय तह | गृह मन्त्रालय, वैदेशिक रोजगार बोर्ड | ३ वर्ष | भारत जाने श्रमिकले स्थानीय तहबाट आवश्यक सूचना र जानकारी प्राप्त गर्ने। |
| ३८. | श्रम गन्तव्य मुलुकमा नेपाली श्रमिकलाई सेवा प्रदान गर्ने सम्बन्धमा गैरआवासीय नेपालीसँगको सहकार्यलाई थप सुदृढ बनाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; गैरआवासीय नेपाली सङ्घ | परराष्ट्र मन्त्रालय, कूटनीतिक नियोग | निरन्तर | गन्तव्य मुलुकमा सेवा प्रदानमा गैरआवासीय नेपालीसँगको सहकार्य सुदृढ हुने। |
| ३९. | श्रम आप्रवासनका पीडित श्रमिकलाई स्वदेश र गन्तव्य मुलुकमा निःशुल्क कानूनी सहायता प्रदान गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | वैदेशिक रोजगार बोर्ड, कूटनीतिक नियोग | निरन्तर | पीडित श्रमिकलाई स्वदेश र गन्तव्य मुलुकमा निःशुल्क कानूनी सहायता उपलब्ध हुने। |
| ४०. | श्रम आप्रवासनसम्बन्धी विवाद तथा क्षतिपूर्तिसँग सम्बन्धित विषय जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतबाट समाधान गर्न कानूनी प्रबन्ध गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय | ३ वर्ष | विवाद र क्षतिपूर्तिसम्बन्धी मुद्दा जिल्ला प्रशासन र अदालतमार्फत सहज रूपमा समाधान हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ४१. | सम्झौता वा करारपत्र अनुरूप श्रमिकले सेवा, सुविधा तथा सुरक्षा पाए नपाएको सम्बन्धमा नियमित अनुगमन गरी आवश्यक कानूनी उपचार प्रदान गर्ने र सोका लागि कूटनीतिक निकायबाट सहजीकरण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; कूटनीतिक नियोग | परराष्ट्र मन्त्रालय, वैदेशिक रोजगार विभाग | निरन्तर | सम्झौता अनुसार श्रमिकले पाउने सेवा र सुरक्षाको अनुगमन भई कानूनी उपचार सुनिश्चित भएको हुने। |
| ४२. | विदेशस्थित जेलमा रहेका र समस्यामा परेका आप्रवासी श्रमिकको न्यायमा पहुँच सुनिश्चित गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | वैदेशिक रोजगार बोर्ड, कूटनीतिक नियोग | ३ वर्ष | विदेशस्थित जेलमा रहेका श्रमिकको न्याय पहुँच भएको हुने। |
| ४३. | श्रम आप्रवासनसँग सम्बन्धित सेवा प्रदान गर्ने सरकारी निकाय र साझेदार संस्थाहरूलाई आफ्नो काममा थप व्यावसायिक बनाउन आवश्यक अनुशिक्षण प्रदान गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | गृह मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार व्यवसायी सङ्घ | ३ वर्ष | आप्रवासनसम्बन्धी सेवाहरू प्रभावकारी भएको हुने। |
| ४४. | श्रमिकमाथि कुनै पनि प्रकारका ठगी, शोषण तथा मानसिक यातना हुन नदिन सूचना प्रणालीमा आधारित अनुगमन प्रणाली कार्यान्वयन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, वैदेशिक रोजगार बोर्ड | निरन्तर | श्रमिकमाथि ठगी, शोषण र मानसिक यातनामा कमी भएको हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ४५. | श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यवसायीबाट भएका काम कारबाहीका सम्बन्धमा आवबश्यकतानुसार विश्वसनीय तेश्रो पक्षबाट अनुपालन परीक्षण (Compliance Audit) गराउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार विभाग, नागरिक समाज | ३ वर्ष | व्यवसायीको सेवा अनुपालन विश्वसनीय तेस्रो पक्षबाट नियमित जाँच भएको हुने। |
| ४६. | श्रम आप्रवासनको आवरणमा हुने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न नेपाल, बाटोमा पर्ने मुलुक र गन्तव्य मुलुकका सम्बन्धित सरोकारवाला सङ्घसंस्थासँग समन्वय र सहकार्य विस्तार गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | गृह मन्त्रालय, अन्तर्राष्ट्रिय मञ्च तथा फोरमहरू | निरन्तर | मानव बेचबिखन तथा ओसारपसारमा नियन्त्रण भएको हुने। |
| ४७. | विशेष सचेतनाका कार्यक्रममार्फत श्रमिकहरूलाई नियमित र औपचारिक माध्यमबाट मात्र श्रम आप्रवासनमा जान प्रोत्साहित गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, स्थानीय तह | निरन्तर | औपचारिक माध्यमबाट आप्रवासनमा जान प्रेरित हुने। |
| ४८. | आप्रवासनपूर्व र पश्चातको स्वास्थ्य अभिलेख व्यवस्थित गर्ने साथै गन्तव्य मुलुकमा समेत नियमित स्वास्थ्य परीक्षण र उपचारको व्यवस्था मिलाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वैदेशिक रोजगार व्यवसायी सङ्घहरू | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, मेडिकल व्यवसायीहरू | ३ वर्ष | स्वास्थ्य अभिलेख व्यवस्थित भएको हुने। |
| ४९. | आप्रवासी श्रमिक उपर कुनै विभेद भएमा तत्काल न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानूनी सेवा र परामर्श उपलब्ध गराउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | कूटनीतिक नियोग, वैदेशिक रोजगार बोर्ड | ३ वर्ष | समस्यामा परेका श्रमिकलाई कानुनी सेवा र परामर्श उपलब्ध भएको हुने। |

| क. स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५०. | श्रम आप्रवासनको चक्रमा महिला घरेलु श्रमिकलगायत अन्य पेसामा हुने विभेद अन्त्य गरी प्रस्थानपूर्व नै क्षमता अभिवृद्धि गर्न अभिमुखीकरण तालिमहरू सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | वैदेशिक रोजगार बोर्ड, तालिम केन्द्रहरू | २ वर्ष | महिला घरेलु श्रमिकमाथि हुने विभेद न्यून भएको हुने। |
| ५१. | श्रम आप्रवासनमा जान चाहने महिला र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई निःशुल्क सिप विकास तालिम प्रदान गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | वैदेशिक रोजगार बोर्ड, तालिम केन्द्रहरू | ३ वर्ष | महिला र लैङ्गिक अल्पसङ्ख्यक समुदायले निःशुल्क सिप विकास तालिम प्राप्त भएको हुने। |
| ५२. | श्रम आप्रवासनका क्रममा हिंसा, शोषण तथा समस्यामा परेका महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका श्रमिकहरूको पुर्नस्थापना तथा सम्मानजनक पुनःएकीकरण गर्न स्थानीयस्तरमा विशेष कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्थानीय तह | वैदेशिक रोजगार बोर्ड, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान तालिम केन्द्रहरू | ३ वर्ष | पीडित महिला र अल्पसङ्ख्यक श्रमिकको पुनर्स्थापना र सम्मानजनक पुनःएकीकरण भएको हुने। |
| ५३. | श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यवसायी, गैरसरकारी संस्था र सम्बन्धित सरोकारवालाको अर्थपूर्ण सहभागिताका आधारमा द्विपक्षीय श्रम सम्झौताको नमूना ढाँचा विकास गरी कार्यान्वयन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | परराष्ट्र मन्त्रालय, कूटनीतिक नियोगहरू | २ वर्ष | द्विपक्षीय श्रम सम्झौतामार्फत आप्रवासी श्रमिकको अधिकार, सुरक्षा र सुविधा अन्तर्राष्ट्रिय मापदण्डअनुसार भएको हुने। |

| क.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५४. | श्रम कूटनीतिलाई थप सक्रिय बनाउँदै विभिन्न मुलुकसँगको श्रम सम्झौताको पुनरावलोकन तथा नयाँ गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | परराष्ट्र मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; कूटनीतिक नियोगहरू | ५ वर्ष | नयाँ गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता भएको हुने। |
| ५५. | श्रमिकको कार्यअवधिभरको बिमा गर्ने प्रावधान श्रमिकको करारपत्र र श्रम गन्तव्य मुलुकसँग गरिने द्विपक्षीय श्रम सम्झौतामा उल्लेख गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | परराष्ट्र मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; कूटनीतिक नियोगहरू; वैदेशिक रोजगार विभाग | ५ वर्ष | श्रमिकको कार्यअवधिभर बिमा अनिवार्य सम्झौतामा समावेश भएको हुने। |
| ५६. | श्रम आप्रवासनका सम्पूर्ण चरणमा आप्रवासी श्रमिकको मानव अधिकारको संरक्षण गर्ने व्यवस्था मिलाईनेछ। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार क्षेत्रमा काम गर्ने निकायहरू, नागरिक समाज | ४ वर्ष | श्रमिकको मानव अधिकार संरक्षण भएको हुने। |
| ५७. | विपद्का समयमा राहत, उद्धार, संरक्षण र पुनःस्थापनामा सबै श्रमिकहरूलाई समान व्यवहार गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; गृह मन्त्रालय | वैदेशिक रोजगार बोर्ड, सामाजिक सुरक्षा कोष, बिमा कम्पनीहरू, स्थानीय तह | निरन्तर | विपद्मा सबै श्रमिकलाई समान राहत, उद्धार र पुनःस्थापनाको सुविधा उपलब्ध भएको हुने। |
| ५८. | गन्तव्य मुलुकहरूमा आप्रवासी श्रमिकको अधिकार संरक्षण गर्न राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बद्ध संस्थाहरूबिचको सहयोग र सहकार्यलाई बढावा दिने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, कूटनीतिक नियोगहरू, मानव अधिकार क्षेत्रमा काम गर्ने निकायहरू | निरन्तर | गन्तव्य मुलुकमा श्रमिकको मानव अधिकार संरक्षणको भएको हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५९. | नेपाली श्रमिकहरूका लागि मर्यादित र आकर्षक रोजगारीका अवसर भएका रोजगारीका क्षेत्र र श्रम गन्तव्य मुलुकहरूको खोजी गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | कूटनीतिक नियोग, वैदेशिक रोजगार व्यवसायी सङ्घ, गैरआवासीय नेपाली सङ्घहरू | ३ वर्ष | नेपाली श्रमिकका लागि आकर्षक गन्तव्य मुलुक पहिचान भई सहकार्य भएको हुने। |
| ६०. | अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकको विशिष्ट प्रभाव, माग र प्रतिष्पर्धात्मक दक्षता भएका क्षेत्रको पहिचान गरी प्रवर्धन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | कूटनीतिक नियोग, वैदेशिक रोजगार व्यवसायी सङ्घ, गैरआवासीय नेपाली सङ्घहरू | ३ वर्ष | नेपाली श्रमिकको क्षमताका आधारमा अन्तर्राष्ट्रिय बजारमा दक्षता प्रवर्धन भएको हुने। |
| ६१. | अन्तराष्ट्रिय रोजगारीका अवसरहरू पहिचान गर्न डिजिटल प्रणालीको विकास, सञ्चालन र उपयोग गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | कूटनीतिक नियोग, वैदेशिक रोजगार व्यवसायी सङ्घ, गैरआवासीय नेपाली सङ्घहरू | ४ वर्ष | अन्तर्राष्ट्रिय रोजगारीका अवसरहरू डिजिटल प्रणालीमार्फत अवसर प्राप्त भएको हुने। |
| ६२. | श्रम बजारको माग र आवश्यकता अनुरूप युवाहरूलाई प्राविधिक तथा व्यावसायिक सिप उपलब्ध गराउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विश्वविद्यालयहरू, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, तालिम केन्द्रहरू, निजी क्षेत्र | ३ वर्ष | युवालाई श्रम बजारको मागअनुसार प्राविधिक र व्यावसायिक सिप उपलब्ध हुने। |
| ६३. | डिजिटल सिप, कृत्रिम बौद्धिकता र सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नयाँ प्राविधिक क्षेत्रमा युवाहरूको दक्षता विकासको लागि प्राविधिक र व्यावसायिक तालिम प्रदान गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विश्वविद्यालयहरू, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, तालिम केन्द्रहरू, निजी क्षेत्र | ५ वर्ष | युवाको डिजिटल र नयाँ प्राविधिक क्षेत्रमा दक्षता विकास भएको हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ६४. | स्वरोजगार अभिवृद्धिका लागि डिजिटल प्रकृतिका रोजगारीका सबै क्षेत्रको पहिचान र प्रोत्साहन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | डिजिटल स्वरोजगारका अवसर पहिचान गरी प्रोत्साहित भएको हुने। |
| ६५. | श्रमिकले स्वदेश वा विदेशमा आर्जन गरेको वा सिकेको सिपको परीक्षण गरी स्तरीकरण र प्रमाणिकरण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | तालिम केन्द्रहरू, निजी क्षेत्र | ३ वर्ष | श्रमिकको सिप परीक्षण, स्तरीकरण र प्रमाणिकरण भएको हुने। |
| ६६. | श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूलाई स्थानीय तहमार्फत उद्यमशीलता विकास तथा सिप अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; प्रदेश सरकारहरू; वैदेशिक रोजगार बोर्ड | ३ वर्ष | श्रमिकहरू उद्यमशिलतामा आकर्षित भएको हुने। |
| ६७. | श्रम आप्रवासनबाट फर्किएर उद्यम गरेका उत्कृष्ट उद्यमीलाई सम्मान तथा प्रोत्साहनको व्यवस्था गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | वैदेशिक रोजगार बोर्ड, प्रदेश सरकार, स्थानीय तह | ३ वर्ष | फर्केका उत्कृष्ट उद्यमीलाई सम्मान र प्रोत्साहनको व्यवस्था भएको हुने। |
| ६८. | परियोजनाका आधारमा बिमासहितको आर्थिक प्रोत्साहनमूलक कार्यक्रमहरू विकास गरी लागु गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; नेपाल राष्ट्र बैंक | वैदेशिक रोजगार बोर्ड, प्रदेश सरकार, स्थानीय तह, बिमा कम्पनीहरू | ३ वर्ष | फर्किएका श्रमिकहरूले परियोजनाका आधारमा प्रोत्साहन प्राप्त भएको हुने। |

| क्र. स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ६९. | आप्रवासी श्रमिकका परिवारका सदस्यहरूलाई उद्यमशीलता, सिप विकास र वित्तीय साक्षरतामार्फत उद्यम व्यवसायमा लाग्न प्रेरित गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वैदेशिक रोजगार बोर्ड | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | आप्रवासी श्रमिकका परिवार उद्यमशीलता र सिप विकास भएको हुने। |
| ७०. | विदेशबाट फर्किएका श्रमिक र श्रमिकका परिवार-हरूको सञ्जाल बनाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वैदेशिक रोजगार बोर्ड | प्रदेश सरकार, स्थानीय तह | ३ वर्ष | पुनःएकीकरण र सामुदायिक विकास सुदृढ भएको हुने। |
| ७१. | वैदेशिक रोजगारमा रहेका श्रमिकले आफ्नो समुदायको विकासका निमित्त पठाएको विप्रेषणको रकममा स्थानीय सरकारले थप विनियोजन गरी सामुदायिक विकास तथा स्थानीय पूर्वाधार निर्माणमा परिचालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्थानीय तह | प्रदेश सरकार | ३ वर्ष | स्थानीय पूर्वाधार विकासमा विप्रेषणको समुचित उपयोग भएको हुने। |
| ७२. | श्रम आप्रवासनबाट फर्किएका महिला र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक श्रमिकका समस्याह-रूको विश्लेषण गरी पुनःस्थापनाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वैदेशिक रोजगार बोर्ड | प्रदेश सरकार, स्थानीय तह | ३ वर्ष | फर्केका महिला र अल्पसङ्ख्यक श्रमिकहरू समाजमा पुनःस्थापना भएको हुने। |
| ७३. | महिला र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक साथै जोखिममा परेका आप्रवासी श्रमिक र तिनका परिवारका लागि परामर्श सेवा, कानूनी सहायता, स्वास्थ्य सेवा, व्यावसायिक तालिम र मनोसामाजिक सेवा प्रदान गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वैदेशिक रोजगार बोर्ड | प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | ३ वर्ष | जोखिममा परेका महिला र अल्पसङ्ख्यक श्रमिक तथा परिवारलाई कानुनी सहायता प्राप्त भएको हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ७४. | पुनःएकीकरण योजनालाई पूर्वप्रस्थान अभिमुखीकरण तालिम पाठ्यक्रममा समावेश गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वैदेशिक रोजगार बोर्ड | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | ३ वर्ष | पूर्वप्रस्थान तालिममा पुनःएकीकरण योजना समावेश भएको हुने। |
| ७५. | श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूको खण्डि-कृत तथ्याङ्क राखी डिजिटल माध्यमबाट सार्वजनिक गर्ने प्रयोजनका लागि प्रवेश विन्दुमा तथ्याङ्क प्रविष्ट गर्ने व्यवस्था मिलाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; गृह मन्त्रालय | अध्यागमन विभाग, अध्यागमन कार्यालयहरू | ३ वर्ष | फर्किएका श्रमिकको तथ्याङ्क डिजिटल माध्यममा उपलब्ध भएको हुने। |
| ७६. | श्रम आप्रवासनबाट, आर्जित ज्ञान, सिप, अनुभव र पुँजीको पहिचान गरी प्रणालीमा आबद्ध गर्न उपलब्ध मानवीय पुँजीको उत्पादनशील रोजगारी तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल राष्ट्र बैंक, स्थानीय तह, निजी क्षेत्र | ३ वर्ष | उपलब्ध मानव पुँजी उत्पादनशील रोजगारी र स्वरोजगारमा प्रभावकारी प्रयोग भएको हुने। |
| ७७. | पुनःएकीकरणका लागि स्थानीय तहको अगुवाईमा सङ्घ, प्रदेश र स्थानीय तहमार्फत निजी क्षेत्र, गन्तव्य मुलुक र गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी पुनःएकीकरणलाई दिगो र स्वरोजगार केन्द्रित गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; प्रदेश सरकार; स्थानीय तह | वैदेशिक रोजगार बोर्ड, निजी क्षेत्र | ३ वर्ष | पुनःएकीकरण र स्वरोजगारीमा सरोकारवाला सबैको सहभागिता भएको हुने। |
| ७८. | सिप प्रमाणीकरण, कर्जा सहजीकरण, वित्तिय साक्षरता तथा रोजगार प्रदायक संस्थासँग सम्बन्ध विस्तारका लागि स्थानीय तहसँग समन्वय र सहकार्य अभिवृद्धि गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्थानीय तह | नेपाल राष्ट्र बैंक, बैंकहरू, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | ३ वर्ष | उद्यमशिलता प्रवर्धनमा स्थानीय तहसँगको सहकार्य सुदृढ भएको हुने। |

| क्र. स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ७९. | श्रम आप्रवासनमा जानुपूर्व आप्रवासी श्रमिकलाई सामाजिक सुरक्षा कोष र योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरूबारे अभिमुखीकरण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सामाजिक सुरक्षा कोष; वैदेशिक रोजगार बोर्ड | वैदेशिक रोजगार व्यवसायीहरू | ३ वर्ष | श्रमिकले सामाजिक सुरक्षा कोषका योजनाबारे पूर्वअभिमुखीकरण प्राप्त भएको हुने। |
| ८०. | आप्रवासी श्रमिक र परिवारका लागि सामाजिक सुरक्षा कार्यक्रमबारे व्यापक सचेतनाका कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सामाजिक सुरक्षा कोष; वैदेशिक रोजगार बोर्ड | वैदेशिक रोजगार व्यवसायीहरू | ३ वर्ष | श्रमिक र परिवारलाई सामाजिक सुरक्षा कार्यक्रमबारे व्यापक सचेतना उपलब्ध भएको हुने। |
| ८१. | श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउँदै रोजगारीमा रहेका बखत कार्यघण्टा बाहेक समयमा समेत सामाजिक सुरक्षा कोषबाट सुविधा प्राप्त हुने व्यवस्था मिलाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सामाजिक सुरक्षा कोष | बिमा कम्पनीहरू | ३ वर्ष | श्रमिकले कार्यघण्टा बाहेक समयमा समेत सामाजिक सुरक्षा कोषको सुविधा प्राप्त गर्ने। |
| ८२. | भारतमा रोजगारीमा जाने श्रमिकलाई समेत सामाजिक सुरक्षाका कार्यक्रम र सुविधामा आबद्ध गराउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सामाजिक सुरक्षा कोष | स्थानीय तहहरू | ३ वर्ष | भारतमा काम गर्न जाने श्रमिक सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध भएको हुने। |
| ८३. | रोजगारीमा गएका श्रमिकहरूको लागि गन्तव्य मुलुकका रोजगारदाताबाट सामाजिक सुरक्षा कोषमा योगदानका लागि द्विपक्षीय सम्झौतामा समावेश गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; परराष्ट्र मन्त्रालय | सामाजिक सुरक्षा कोष, कूटनीतिक नियोग | ३ वर्ष | गन्तव्य मुलुकका रोजगारदाताबाट सामाजिक सुरक्षा कोषमा योगदान भएको हुने। |

| क्र.स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ८४. | योगदानकर्ताको कामको प्रकृति र निजको योगदान-का क्षमताअनुसारका कार्यक्रमहरू विकास गरी कार्यन्वयन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सामाजिक सुरक्षा कोष | वैदेशिक रोजगार व्यवसायी, निजी क्षेत्र, योगदानकर्ता | ३ वर्ष | योगदानकर्तामैत्री र दिगो सामाजिक सुरक्षा प्रणाली विकास भएको हुने। |
| ८५. | वैदेशिक रोजगारीबाट फर्किइ नेपालमा नै व्यवसाय वा उद्यम गरेका श्रमिकहरूलाई सामाजिक सुर-क्षाका योजनाहरूमा आबद्ध गर्न थप कार्यक्रमहरू विकास गरी लागु गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सामाजिक सुरक्षा कोष | वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार व्यवसायी, निजी क्षेत्र, योगदानकर्ता | ३ वर्ष | फर्किएका उद्यमी श्रमिक सामाजिक सुरक्षामा प्रभावकारी रूपमा आबद्ध भएको हुने। |
| ८६. | सामाजिक सुरक्षाका योजनाहरूलाई वृहत, परिष्कृत र दिगो बनाउन सामाजिक सुरक्षा कार्यक्रमहरूलाई योगदानकर्ताका आवश्यकतानुसार विविधीकरण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सामाजिक सुरक्षा कोष | निजी क्षेत्र, उद्योग तथा प्रतिष्ठानहरू, योगदानकर्ताहरू | ५ वर्ष | सामाजिक सुरक्षाका योजना तथा कार्यक्रमहरू दिगो र योगदानकर्तामैत्री भएको हुने। |
| ८७. | सामाजिक सुरक्षा कोषमा सङ्कलित रकमलाई सुरक्षित, उत्पादनमुलक र प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक, सामाजिक सुरक्षा कोष | ३ वर्ष | सामाजिक सुरक्षा कोषको रकम सुरक्षित र प्रतिफलयुक्त क्षेत्रमा लगानी हुने। |
| ८८. | नेपालमा काम गर्ने विदेशी श्रमिकहरूको तथ्याङ्क सङ्कलन प्रणाली निर्माण गरी अभिलेख अद्यावधिक गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | गृह मन्त्रालय, अध्यागमन विभाग | ५ वर्ष | विदेशी श्रमिकको तथ्याङ्क प्रणालीको विकास भएको हुने। |

| क्र. स. | कार्यनीति तथा क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ८९. | नेपालमा काम गर्ने विदेशी श्रमिकले श्रम स्वीकृति लिए नलिएको सम्बन्धमा नियमित अनुगमन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; गृह मन्त्रालय; श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | अध्यागमन विभाग | निरन्तर | विदेशी श्रमिकको श्रम स्वीकृति प्रक्रिया नियमित रूपमा अनुगमन भएको हुने। |
| ९०. | विदेशी श्रमिक आवश्यक देखिएका क्षेत्रको अध्ययन एवं विश्लेषणको आधारमा नेपाली श्रमिकको सिप तथा दक्षता अभिवृद्धि गरी क्रमशः प्रतिस्थापन गर्न विदेशी श्रमिक प्रतिस्थापन योजना निर्माण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विश्वविद्यालयहरू, तालिम केन्द्रहरू | ४ वर्ष | नेपाली श्रमिकको सिप अभिवृद्धि गरी विदेशी श्रमिक क्रमशः प्रतिस्थापन भएको हुने। |
| ९१. | नेपालमा कार्यरत विदेशी श्रमिकहरूको ज्ञान, सिप तथा प्रविधि हस्तान्तरण गर्ने व्यवस्था मिलाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ५ वर्ष | विदेशी श्रमिक प्रतिस्थापन भई सिप र प्रविधि हस्तान्तरण भएको हुने। |
| ९२. | नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय श्रमसम्बन्धी अनुबन्धमा उल्लेख भएबमोजिम नेपालमा आई काम गर्ने विदेशी श्रमिकको अधिकारको संरक्षण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय | ५ वर्ष | विदेशी श्रमिकको अधिकार नेपालमा प्रभावकारी रूपमा संरक्षण भएको हुने। |
| ९३. | नेपालबाट बाहिरिने विप्रेषणलाई अनिवार्य रूपमा बैंकिङ प्रणालीमा आबद्ध गर्ने व्यवस्था मिलाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; अर्थ मन्त्रालय; नेपाल राष्ट्र बैंक | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ३ वर्ष | नेपालबाट बाहिरिने विप्रेषण पूर्ण रूपमा बैंकिङ प्रणालीमार्फत भएको हुने। |